***माननीय सूचना तथा सञ्चारमन्त्री शंकर पोखरेलसमक्ष २०६७ मंसीर ८ गते प्रस्तुत न्यूनतम पारिश्रमिक निर्धारण समितिको वार्षिक प्रतिवेदन, २०६७***

# प्रतिवेदनको सारांश

नेपालमा मिडियाको विकास र स्वतन्त्रता उपभोगको अवस्था पछिल्लो समयमा उत्साहजनक बनेको छ । लगानीको हिसाबले एउटा फस्टाउदो उद्योगको रुपमा रहेको यस क्षेत्रमा ठूलो संख्यामा जनशक्तिको संलग्नता रहेको छ । कानूनीरुपमा त्यो जनशक्तिको व्यवस्थापनको निम्ति आधारभूमि पनि तयार छ । श्रमजीवी पत्रकारसम्बन्धी ऐन-नियमको व्यवस्था त्यसको प्रमुख कडी हो । तर, ऐन-नियमको व्यवस्था, व्यावसायिक मान्यता र प्रचलित अभ्यासलाई आधार मानी न्यूनतम पारिश्रमिक निर्धारण समितिले पछिल्लो एक वर्षको अवधिमा देशव्यापी अध्ययन अनुगमन गरी सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकार, कर्मचारी, कामदारहरूको अवस्था केलाउदा भने सन्तोष गर्ने ठाँउ भेटिएन ।

समितिले यस अवधिमा देशका विभिन्न भाग र सञ्चारका सबै विधा एवम् पक्षलाई समेट्ने गरी ३४ वटा अन्तरक्रियासहित ७७ वटा कार्यक्रममार्फत सरोकारवाला करीब १ हजार ५ सय जनासँग प्रत्यक्ष सार्वजनिक छलफल गरेको छ । त्यस्तै व्यवस्थापक, श्रमजीवी पत्रकार एवम् कर्मचारी-कामदार गरी ९ सय २५ जना उत्तरदातालाई प्रत्यक्षरुपमा समेटेर छुट्टै अनुगमन-सर्वेक्षण गरेको छ । अनुसन्धानात्मक ढाँचामा गरिएको अनुगमन-सर्वेक्षणबाट प्राप्त तथ्यांकलाई विश्लेषण गरी हेर्दा सञ्चार प्रतिष्ठानमा कार्यरत झण्डै ४५ प्रतिशत श्रमजीवीले अहिले पनि नियुक्ति-पत्र नपाएको देखिएको छ । त्यस्तै २०६६ बैशाखदेखि लागू भैसकेको न्यूनतम पारिश्रमिकसमेत नपाउने श्रमजीवीको संख्या करीब ३७ प्रतिशत छ । करीब ३२ प्रतिशतले शर्तबमोजिमको पारिश्रमिकसमेत नियमितरुपमा नपाइरहेको अवस्था छ भने महिना भुक्तान भएर अर्को दुई महिना नाघिसक्दा पनि पारिश्रमिक नपाउने पत्रकारको संख्या १४ प्रतिशत छ ।

श्रमजीवी पत्रकार ऐनले ८५ प्रतिशत श्रमजीवीहरू स्थायी हुनुपर्ने व्यवस्थाको कल्पना गरेको भए पनि नेपालका श्रमजीवीहरूमध्ये करीब २१ प्रतिशतले मात्र स्थायी नियुक्ति पाएको देखिएको छ । बाँकी सबै श्रमजीवी अस्थायी वा करारमा कार्यरत छन् । अस्थायी वा करारमा कार्यरत श्रमजीवीमध्ये ७७ प्रतिशतभन्दा बढी पूर्णकालीन छन् । यसबाहेक आंशिक रुपमा कार्यरत श्रमजीवीहरू करीब ६ प्रतिशत र स्ट्रिङ्गर करीब १७ प्रतिशत छन् ।

अहिले पनि ३६ प्रतिशत सञ्चारसंस्थामा विदाको व्यवस्था नै छैन भने ४८ प्रतिशत सञ्चारसंस्थामा ऐनले ब्यवस्था गरेका वार्षिक तलब वृद्धि, कल्याणकारी कोष, अशक्त वृत्ति, सञ्चय कोष, उपचार खर्च, बीमा, उपदान, चाडपर्व खर्च र बढी समय काम गरेवापतको सुविधाजस्ता अन्य सुविधाको कुनै व्यवस्था कार्यान्वयन भएको छैन । श्रमजीवी पत्रकार ऐन लागू भएको डेढ दशकपछि राष्ट्रिय तहका र प्रभावशाली ठानिने सञ्चार प्रतिष्ठानहरूमा अनुगमनलाई केन्द्रित गरेर हेर्दासमेत यस्तो अवस्था पाइनु निराशाजनक परिणाम हो । यसलाई कानूनको उल्लंघन र श्रम शोषणको नमूनाका रुपमा पनि लिन सकिन्छ । यसका पछाडिको कारणमा व्यावसायिक योजना बिना नै सञ्चार प्रतिष्ठानको स्थापना, कमजोर व्यवस्थापन, संस्थागत विकासको अभाव, कानूनी जटिलता मात्र होइन; श्रमप्रतिको उपेक्षा र कानूनको अवज्ञा गर्ने प्रवृत्ति पनि उत्तिकै जिम्मेवार छ ।

कालो बादलभित्र पनि चाँदीको घेरा देखिएझैं यस्तो परिणामका बावजुद केही सकारात्मक चित्र पनि छन् । विगतको कहालीलाग्दो अवस्थासँग तुलना गर्दा नियुक्ति-पत्र र न्यूनतम पारिश्रमिकको सन्दर्भमा केही उपलब्धि हासिल भएको देखिन्छ भने अन्य व्यवस्था कार्यान्वयनमा पनि

सकारात्मक थालनी भएको पाइन्छ । केही सञ्चार प्रतिष्ठानहरूले श्रमजीवीहरूलाई कानूनअनुरूपका सबै सेवा-सुविधा दिन थालेको पाइएको छ भने थुप्रैले तत्काल कार्यान्वयन थाल्ने प्रतिबद्धता जनाएका छन् । संस्थागत सुधारका प्रक्रिया अघि बढेका छन् भने कानून कार्यान्वयनप्रतिको जागरुकता पनि बढेको छ । राज्यका तर्फबाट विज्ञापनलगायतका केही सुविधामा प्रवर्द्धनात्मक पहल अघि बढेका छन् भने व्यवस्थापन पक्षमा पनि सकारात्मक सोचको विकास हुँदै गएको छ । अव्यावहारिक ठानिएका कानूनी व्यवस्थामा संशोधन र नीतिगत क्षेत्रमा सुधारका कार्यहरू अघि बढाउन सहमति बन्दै गएको छ ।

यस अवस्थामा श्रमजीवी पत्रकारहरूका साथै समग्र सञ्चार उद्योगको अवस्थामा सुधारका लागि न्यूनतम पारिश्रमिक निर्धारण समितिले आफ्नो भूमिकालाई अझ प्रभावकारी ढंगले अघि बढाउने अल्पकालीन र दीर्घकालीन योजनाका साथै नीति तथा कार्यक्रमहरू तय गरेको छ । समितिले गरेको सिफारिश तत्काल कार्यान्वयन भएमा श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको अवस्थामा सुधार भई यस क्षेत्रले पनि न्याय र कानूनी राज्यको अनुभूति गर्ने अवस्था सिर्जना हुनुका साथै सञ्चार क्षेत्रको संस्थागत तथा व्यावसायिक विकास थप सहज हुनसक्ने समितिको विश्वास छ ।

.....................................................................................

....

## समितिको सिफारिश

न्यूनतम पारिश्रमिक निर्धारण समितिले श्रमजीवी पत्रकारसम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था, यसअघिका कार्यानुभव, सञ्चार प्रतिष्ठानमा श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको अवस्थाको अनुगमन, अध्ययन-अनुसन्धान एवम् पछिल्लो अवधिमा सम्बद्ध पक्षसँग भएका चरणबद्ध छलफलका निष्कर्ष तथा व्यावहारिकतालाई समेत मध्यनजर गरी पहिलो चरणमा तत्काल कार्यान्वयनको लागि देहायको सिफारिश प्रस्तुत गरिएको छ–

**(क) श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको सेवा, शर्त तथा सुविधाका सम्बन्धमा**

१. सञ्चार प्रतिष्ठानमा कार्यरत पत्रकार, कर्मचारी र कामदारहरूमध्ये झण्डै ४५ प्रतिशतले नियुक्ति-पत्र र ३७ प्रतिशतले न्यूनतम पारिश्रमिकसमेत नपाइरहेको अवस्था विद्यमान रहेकोले सम्पूर्ण सञ्चार प्रतिष्ठानमा यसलाई तत्काल अनिवार्य गराउनु पर्दछ । नियुक्ति-पत्र र न्यूनतम पारिश्रमिक भुक्तानीको व्यवस्था कार्यान्वयन नगर्ने सञ्चार प्रतिष्ठानलाई ऐनको दफा ३३क. बमोजिम वर्गीकरणमा समावेश नगर्ने र सरकारबाट प्रदान हुने लोककल्याणकारी तथा अन्य सबै खाले विज्ञापन र सुविधामा रोक लगाउने व्यवस्था कार्यान्वयन गरिनु पर्दछ ।

२. नियुक्ति-पत्र र न्यूनतम पारिश्रमिकका साथै श्रमजीवी पत्रकारसम्बन्धी ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम विदा, वार्षिक तलव वृद्धि, सञ्चयकोष, उपचार खर्च, वीमा र चाडपर्व खर्च देहायका सञ्चार प्रतिष्ठानमा कार्यरत दैनिक ८ घण्टा र हप्तामा ४८ घण्टा कार्यावधि रहेका पूर्णकालीन सबै पत्रकार, कर्मचारी र कामदारलाई तत्कालदेखि नै उपलब्ध हुने व्यवस्था गर्नु पर्दछ । उल्लेखित न्यूनतम सुविधासमेत उपलब्ध नगराउने यस वर्गका सञ्चार प्रतिष्ठानलाई ऐनको दफा ३३क. बमोजिम पत्रपत्रिका भए ‘क’ वर्गमा र अन्य माध्यम भए

सोहीअनुसार उपल्लो वर्गमा समावेश नगर्ने एवम् सरकारबाट प्रदान हुने लोककल्याणकारी तथा अन्य सबै खाले विज्ञापन र सुविधामा रोक लगाउने व्यवस्था कार्यान्वयन गरिनु पर्दछ ।

- सरकारी सञ्चारमाध्यमहरू
- राष्ट्रिय तहका ब्रोडसीट दैनिक पत्रपत्रिकाहरू
- राष्ट्रिय 'क' वर्गका पत्रपत्रिकाहरू
- टेलिभिजन प्रसारण संस्थाहरू
- ५०० वाट वा सोभन्दा बढी क्षमताका एफएम रेडियो स्टेशनहरू

३. उल्लेखित व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि प्रेस काउन्सिल नेपाल र प्रेस रजिष्ट्रारको कार्यालयका साथै विज्ञापन प्रदान गर्ने सबै निकायमा सूचना तथा सञ्चार मन्त्रालयबाट समन्वय र निर्देशन गरिनु पर्दछ । नियुक्ति-पत्र र न्यूनतम पारिश्रमिकलाई प्रेस पास वितरणमा अनिवार्य गर्ने व्यवस्थालाई अझ प्रभावकारी बनाइनुपर्दछ ।

४. सञ्चार प्रतिष्ठानहरूले आ-आफ्नो आवश्यकतालाई संवोधन गर्न छुट्टै विनियमावली बनाउन आवश्यक र सान्दर्भिक देखिन्छ । तर, कतिपय संस्थाले लागू गरेका विनियमावली श्रमजीवी पत्रकार ऐन-नियमसँग मेल नखाने र कतिपय त सार्वजनिकसमेत नगरिने गरेका पाइएकोले श्रमजीवी पत्रकार ऐन-नियमसँग नबाझिने गरी पत्रकार तथा कर्मचारी सेवा, शर्तसम्बन्धी विनियमावली जारी गरी कार्यान्वयन गर्न र सोको एकप्रति अभिलेखका लागि प्रेस रजिष्ट्रार कार्यालयमा पठाउने व्यवस्थालाई अनिवार्य गरिनुपर्दछ ।

**(ख) न्यूनतम पारिश्रमिकको सम्बन्धमा**

१. सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकार र कर्मचारी-कामदारका लागि २०६६ वैशाख १ गतेदेखि लागू भैरहेको क्रमश: पाँच हजार दुई सय र चार हजार छ सय रुपियाँ न्यूनतम मासिक पारिश्रमिकमा श्रम क्षेत्रमा प्रचलित अभ्यास, सञ्चार प्रतिष्ठानको अवस्था र नेपाल राष्ट्र बैंकको पछिल्लो औसत उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दूगत मुद्रास्फीति दरसमेतलाई ध्यानमा राखी समितिको सुझावबमोजिम न्यूनतम मासिक पारिश्रमिकमा तत्काल पुनरावलोकन गरिनु पर्दछ ।

२. पदनाम र कामको प्रकृति जस्तोसुकै भएपनि आफ्नो संस्थामा मात्र काम गर्न पाउने गरी अनुबन्ध गरिएका स्थायी दरबन्दीमा समावेश भएका वा नभएका पूर्णकालीन सबै पत्रकार, कर्मचारी र कामदारको हकमा यो व्यवस्था लागू गरिनु पर्दछ ।

३. आंशिक समय काम गर्ने श्रमजीवीको न्यूनतम पारिश्रमिक निर्धारण गर्दा उल्लेखित पारिश्रमिकलाई दैनिक ८ घण्टा र हप्ताको ४८ घण्टा कार्यअवधिको पारिश्रमिक मानी निजको कार्यसमय र सोको लागि अत्यावश्यक पर्ने तयारी समय (जस्तै : कुनै कार्यक्रम संचालक भए प्रसारण समय र सोको तयारी समय) लाई समेत जोडेर सहमतिमा कुल समय निर्धारण गरी प्रतिघण्टाको हिसाबमा हुन आउने कुल रकममा ३० प्रतिशत थप गरी तय गर्नु पर्ने छ ।

**(ग) स्ट्रिङ्गरको सम्बन्धमा**

१. न्यूनतम पारिश्रमिकको प्रयोजनका लागि स्ट्रिङ्गर पत्रकार भन्नाले स्थायी दरबन्दीमा समावेश नभएका र समाचार सामग्रीका आधारमा तोकिएको पारिश्रमिक भुक्तानी पाउने गरी आंशिक समय र  निश्चित कामका लागि सेवा करारमा नियुक्त स्वतन्त्र पत्रकारलाई मात्र जनाउने छ ।

२. स्ट्रिङ्गर पत्रकारको न्यूनतम पारिश्रमिक समितिको सुझावबमोजिम पुनरावलोकन गरिनु पर्दछ ।

**(घ) कानुनी व्यवस्थामा पुनरावलोकनको सम्बन्धमा**

१. श्रमजीवी पत्रकारसम्बन्धी ऐन नियमको पूर्ण कार्यान्वयनको सहज वातावरण बनाउन पदको तहगत वर्गीकरण, स्थायी, करार र आंशिक सेवा एवम् सञ्चार प्रतिष्ठानमा रहने कल्याणकारी कोषलगायतका केही व्यवस्थामा पुनरावलोकन गर्न सरोकारवाला पक्षलाई समेत सहभागी गराई ऐन नियम संशोधनको प्रक्रिया तत्काल अघि बढाइनु पर्दछ ।

२. न्यूनतम पारिश्रमिक निर्धारण समितिलाई थप प्रभावकारी बनाउन यसको नाम परिवर्तन र कार्यक्षेत्र विस्तारका लागि प्रस्तुत ऐन संशोधन प्रस्तावलाई निष्कर्षमा पुऱ्याउन पहल हुन तथा नियमावली संशोधनको प्रक्रियालाई तदारुकताका साथ टुंगो लगाइनु आवश्यक छ ।

**(ङ) समितिको सचिवालय व्यवस्थापन सम्बन्धमा**

१. समितिको विस्तारित कार्यक्षेत्रलाई दृष्टिगत गरी यसको छुट्टै कार्यालय स्थापना र भौतिक पूर्वाधारको व्यवस्था गरिनु पर्दछ ।

२. समितिलाई हालकै अवस्थामा स्थायी प्रकृतिको कार्यालयका रुपमा अगाडि बढाउँदा पनि यसको लागि छुट्टै दरबन्दी सिर्जना गरिनु आवश्यक छ ।

**(च) सञ्चार प्रतिष्ठानको प्रवर्द्धन सम्बन्धमा**

१. माथि सिफारिश गरिएबमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई सेवा तथा सुविधा उपलब्ध गराउने सञ्चार प्रतिष्ठानलाई सरकारी विज्ञापनमा पनि पहुँच वृद्धि हुने गरी विज्ञापन नीतिमा पुनरावलोकन गरिनुपर्दछ । कानून कार्यान्वयन गर्नेलाई पुरस्कृत र उल्लंघन गर्नेलाई दण्डित गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

२. राहदानी हराएको सूचना, स्थानीय टेण्डर सूचनाका साथै स्थानीय तहबाट प्रवाह हुने एवम् स्थानीय जनतालाई लक्षित गरिने सबै खाले विज्ञापनहरूमा स्थानीय सञ्चारमाध्यमको पहुँच स्थापित हुने गरी विद्यमान नीति तथा तत्सम्बन्धी कानूनी व्यवस्थामा पुनरावलोकन गरिनुपर्दछ ।

३. सञ्चारमाध्यमहरूलाई सेवा उद्योगका रुपमा लिई विद्युत, सञ्चार उपकरण, कर आदिमा सुविधा र सहुलियतको व्यवस्था गरिनुपर्दछ ।

(छ) **नीतिगत र संस्थागत विकास एवम् नियमन र अनुगमनका सम्बन्धमा**

१. सञ्चार प्रतिष्ठानको स्थापना, संचालन, स्वतन्त्रताको उपभोग, दायित्वको पालनासमेत स्पष्ट हुने गरी राज्यको प्रेस तथा सञ्चार नीति तर्जुमा गरिनुपर्दछ । विज्ञापन र प्रसारणसम्बन्धी स्पष्ट नीति बनाइनुपर्दछ ।

२. श्रमजीवी पत्रकार तथा सञ्चार प्रतिष्ठानका कर्मचारी एवम् कामदारलाई नियमित प्रशिक्षणको व्यवस्था मिलाउन सरकारी पहलमा एक आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनुपर्दछ । त्यस्तो प्रतिष्ठानलाई सूचना अधिकारी, जनसम्पर्क अधिकृतलगायतको लागि प्रशिक्षण एवम् आमसञ्चारसम्बन्धी अध्ययन, अनुसन्धानको थलोका रुपमा समेत विकास गर्न सकिन्छ ।

३. प्रेस रजिष्ट्रारको कार्यालय स्थापना तथा प्रेस रजिष्ट्रारको व्यवस्था तत्काल गरिनुपर्दछ ।

४. सञ्चार प्रतिष्ठानमा लगानीको स्रोत, लगानीकर्ताको विशेषज्ञता, मानव संशाधन व्यवस्थापन योजना, तिनको सेवा, सुविधाको दीगो आधार, सम्पादकीय नीति आदिको स्पष्टता विना व्यवसायिकताको विकास सम्भव नहुने भएकोले सञ्चारमाध्यम स्थापना वा सञ्चालनको स्वीकृति दिँदा उल्लेखित विषयहरूको प्रत्याभूति हुने शर्त निर्धारण एवम् नियमनको कानूनी वा नीतिगत व्यवस्था गरिनुपर्दछ ।

५. प्रेस रजिष्ट्रारको कार्यालय, प्रेस काउन्सिल, न्यूनतम पारिश्रमिक निर्धारण समिति जस्ता संस्थाहरूको विद्यमान स्थिति एवम् सञ्चार क्षेत्रबाट माग भैरहेका प्रसारण प्राधिकरण, विज्ञापन प्रतिष्ठान वा मिडिया आयोग जस्ता संस्थाहरूको सान्दर्भिकतालाई ध्यान दिदै नेपाली सञ्चार क्षेत्रमा संस्थागत पुनर्संरचनाको एकीकृत अवधारणा अगाडि बढाइनु आवश्यक छ ।

६. पत्रकारिताको व्यावसायिक पक्ष, श्रमजीवी पत्रकार र प्रकाशन/प्रसारण संस्थाको सञ्चालन एवम् दायित्वका विषयलाई समेत समेट्ने गरी प्रकाशन/प्रसारणसम्बन्धी एकीकृत कानून बनाइनु उचित देखिन्छ ।

७. सञ्चार प्रतिष्ठान र सञ्चारकर्मीहरुको भौतिक सुरक्षाका लागि प्रभावकारी संयन्त्र बनाई कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

८. श्रमजीवी पत्रकार ऐन नियमको कार्यान्वयनका निम्ति सञ्चार प्रतिष्ठान व्यवस्थापन पक्षबाट सहयोगात्मक र श्रमजीवी पक्षबाट सचेत भूमिका जरुरी छ भने व्यावसायिक प्रवर्द्धनका निम्ति दुवै पक्षबीच प्रभावकारी समन्वय आवश्यक देखिन्छ ।

९. समितिबाट यसै प्रतिवेदनमार्फत प्रस्तुत भएका सुझाव र विगतमा प्रस्तुत भई कार्यान्वयन हुन बाँकी रहेका सिफरिशहरूको पनि कार्यान्वयनका लागि आग्रह गरिन्छ ।